स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री नीता ढुंगानाले 'ह्रस्व दीर्घ'मा झैं आफ्नो निर्देशनमा बन्न लागेको फिल्म 'सुख दु:ख'मा पनि भारतीय कलाकारलाई अभिनय गराउने भएकी छन् । त्यसका लागि उनले बलिउडका चर्चित कलाकार दीपराज राणालाई फिल्ममा भित्र्याएकी छन् । निर्माण टिमसँग केही चरणको छलफलपछि बिहीबार राणाले फिल्ममा काम गर्ने सहमति जनाएका हुन् । "कोहिनूर" मा पनि उनले अभिनय गरेका थिए । नीताका अनुसार दीपराज 'सुख दु:ख'को कथा मन परेपछि काम गर्न तयार भएका हुन् ।

**आजको विचार...**



तानसेनका...
*(दुई पेजमा)*

पुष्कर अथक रेग्मी



चलचित्र 'हरिबहादुरको जुत्ता' को नयाँ पोस्टर सार्वजनिक भएको छ। निर्माण टिमले पोस्टरमा चलचित्रका प्रमुख तीन कलाकारलाई प्रस्तुत गरिएको छ। पोस्टरमा हरिवंश आचार्य, प्रकाश सपुत र स्वस्तिमा खड्का फिचर रहेका छन्। सार्वजनिक पोस्टरले तीन कलाकारको चरित्र चित्रण गर्ने कोसिस गरेको छ। पोस्टरमा हरिवंश आचार्य आफ्नै चर्चित हरिबहादुर क्यारेक्टरमा देखिएका छन्। प्रकाश केहि रिसाएको मुडमा छन् भने स्वस्तिमा मन्द मुस्कानमा प्रस्तुत भएकी छिन्। यसले चलचित्र रमाइलो र पारिवारिक रहेको अनुमान लगाउन सकिन्छ।

❐ वर्ष ३१ ❐ अंक २४ ❐ २०८२ साउन २४ गते शनिबार 9 August 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तानसेनमा सुरु भए जात्रा

## जात्राको निम्तो दिन 'चुँइकी फिराई'

**हाम्रा संवाददाता**

**पाल्पा,** साउन २३/सेनकालीन सभ्यतादेखि नै पाल्पाको तानसेनलाई काठमाडौंको भाइ मानिँदै आइएको छ । भाषा, कला, धर्म, संस्कृति र साहित्यको उर्वर स्थलका रूपमा तानसेन परिचित छ । वर्षको पहिलो दिनदेखि वर्षको अन्तिम दिनसम्म यहाँ जात्रा, चाडपर्वहरू भइरहन्छन् । त्यसैले पनि तानसेनलाई सांस्कृतिक सहर समेत भनिन्छ ।

तानसेनमा जनै पूर्णिमा आर्थात् आजदेखि दश दिनसम्म निरन्तर जात्रा निकाल्न शुरु भएको छ । जनै पूर्णिमाको दिन दिउँसो चुइँकी निकालिन्छ । झ्यासी न्यासी झ्याई बाजा बजाउँदै, थोत्रो मादल ठटाउँदै, बोराको कपडा लगाई च्यातिएको छाता ओढ्दै, खाली लट्टाइले हावामा चङ्गा उडाउँदै, खेलौनाको बच्चा नचाउँदै, खाली ऐना देखाउँदै, विचित्र भेषभूषा लगाएका मानिसहरूले बजारको चोक-चोकमा



फाइल तस्वीर

गई हाँस्य व्यङ्गय पाराले यमराजको सन्देश भनेर चुईंकी सुनाउँछन् । चुँइकीमा हाँस्य व्यङ्गय समूहले व्यङग्यात्मक रुपमा मृतक परिवारलाई छाडेका उनको भनाई छ । १० दिनसम्म मनाइने विभिन्न जात्राको निम्तो गर्नका लागि पनि बजारमा 'चुइँकी फिराइ' निकाल्ने प्रचलन रहेको उनले बताए ।

चुइँकी फिराइको अर्को दिन गाई जात्रा निकाल्ने गरिन्छ । राजा प्रताप मल्लले काठमाडौंमा गाईजात्रा मनाउने चलन चलाएका थिए भने पाल्पामा काठमाडौंबाट आएका नेवार समुदायले तानसेनमा गाईजात्रा मनाउने चलन चलाएका हुन् । गाईजात्राको लक्षित गरी गाईजात्राको दिन मृतक सदस्यको नाममा जिउँदो गाई वा नक्कली गाई, ताहामचा, जोगी, बासा आदि निकाल्न सन्देश सम्प्रेषण गर्ने प्रचलन रहेको छ । जसअनुसार गाईजात्राको दिनमा निर्गुण, रामायण, भजनकिर्तनका साथै यमराजको दरबारमा हाजिर हुनु भन्ने सन्देश फैलाउन चुँइकी निकाल्ने परम्परा रहेको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानका मदन देउरालीले बताए । पछिल्लो समय धेरै समूहले चुँइकी निकाल्नै दिन विशेष गरी महिला मृतकको सम्झनामा काम्ले गाईका साथै जोगी, वासा, देवी देवताको स्वरुप बनाएर बजार घुमाइन्छ । निर्गुण भजन गाईन्छ । दरवारमा पुऱ्याइन्छ ।

दरवारमा पुऱ्याइनुको मतलव यसदिन यमराज दरवारमा बसेका हुन्छन् रे यसो गरिदा मृतकहरू सजिलै स्वर्ग जान्छन् भन्ने विश्वास छ । यहाँ चुँइकी र गाईजात्रासँगै, रोपाइँजात्रा, बाघ जात्रा, गणेश (श्रीनगर, टक्सार) भीमसेन, अमरनारायण, कृष्ण, भगवती जात्रा निकाल्ने प्रचलन छ । तर पछिल्लो समय आधुनिकताका कारण यहाँका जात्राहरु रौनक भने क्रमश: घट्दै गएको छ । यहाँका जात्रा उत्सवका रुपमा लिइन्थ्यो ।

जात्रा देखाउने दिन घरायसी कामधन्दा सबेरै सकेर गाउँ-गाउँबाट जात्रा हेर्न तानसेन आइपुग्दथे । विशेषगरी महिलाहरु छोराछोरी काखमा च्यापेर कोही हातमा समाउँदै हस्याङफस्याङ गर्दै जात्रा हेर्न उत्साहित हुँदै आउने गर्दथे, तर हिजोआज भने पहिले जसो जात्रा निकाल्नै छोडिएको छ । खर्चिलो हुने हुँदा कही कतैबाट सहयोग नपाएका कारण यहाँ विस्तारै जात्रा निकाल्न छोडिएको स्थानीयहरु बताउँछन् ।

## संक्षिप्त समाचार

### स्वमूल्यांकन कार्यविधिमा राजनीतिक दलको आपत्ति

**पाल्पा,** साउन २३/निर्वाचन आयोगले ल्याएको राजनीतिक दल स्वमूल्यांकन कार्यविधि २०८२ मा पाल्पाका ६ राजनीतिक दलले आपत्ति जनाएका छन् । उनीहरुले कार्यविधि संविधान र राजनीतिक दलसम्बन्धी ऐन २०७३ को मर्म विपरीत भएको भन्दै आपत्ति जनाएका हुन् ।

नेकपा(माओवादी केन्द्र)का जिल्ला संयोजक राजेन्द्र बि क, राष्ट्रिय स्वतन्त्र पार्टी सह-संयोजक सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुल बहादुर कुवँर, नेकपा एकीकृत समाजवादीका अध्यक्ष अशोक कुमार शाही, राष्ट्रिय जनमोर्चाका अध्यक्ष बिशाल दर्लामी र राष्ट्रिय जनमूक्ति पार्टीका प्रतिनिधि होमबहादुर थापाले शुक्रबार संयुक्त विज्ञप्ति निकाल्दै स्वमुल्याङ्कनको नाममा निर्वाचन आयोगले राजनीतिक दलको स्वायत्तता माथी हस्तक्षेपकारी कदम चालेको भन्दै आपत्ति जनाएका छन् । "आयोगले संघीय कानुनको दुरुपयोग गर्दै प्रत्यायोजित विधायनको नाममा अलग कानुन मस्यौदा तयार गरेर संघीय संसद्को क्षेत्राधिकार अतिक्रमण गर्ने र राजनीतिक दललाई नियन्त्रण गर्ने प्रयास गरेकोमा हाम्रो असहमति छ । बहुदलीय लोकतन्त्रको मर्ममा आघात पुऱ्याउँदै दलहरूको आन्तरिक स्वायत्ततामा हस्तक्षेप गर्दै सत्तारुढ दुई दलको वर्चस्वलाई संस्थागत गर्न खोज्ने अधिनायकवाद उन्मुख यो प्रवृत्ति अस्वीकार्य छ" विज्ञप्तिमा भनिएको छ । उनीहरुले मस्यौदालाई अघि बढाउने कार्य तुरून्त रोक्न र संविधान, विद्यमान कानुन, लोकतान्त्रिक मूल्य र विधिको शासनको सम्मान गर्न निर्वाचन आयोगलाई विज्ञप्ति मार्फत ध्यानाकर्षण गराएका छन् ।

## सूचना

**जनै पूर्णिमा २०८२** को पावन अवसरमा हाम्रा ग्राहकवर्ग विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरूमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । जनै पूर्णिमाको अवसरमा साउन २४ गते शनिबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक साउन २६ गते सोमबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ । सं

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## आज देशभर जनै पूर्णिमा पर्व मनाइँदै

**पाल्पा,** साउन २३/प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर नव यज्ञोपवीत एवं रक्षाबन्धन धारण गरेर मनाइँदै छ । पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाँध्छन् । तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ ।



सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए । त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ । यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको छ । तराईमा आ-आफ्ना दाजुभाइलाई दिदीबहिनीले आजै राखी बाँध्ने चलन छ । हातमा बाँधिएको डोरो गाईतिहारका दिन गाईका पुच्छरमा बाँधेमा मृत्युपछिको वैतरणी पार होइन्छ भन्ने जनविश्वास छ ।

हिन्दु धर्मावलम्बीले यस पूर्णीमाको दिन नजिकैंको तीर्थस्थलमा गई मन्त्रोउच्चारण गरी विधिपूर्वक पुजाआजा गरेर घरमा लगेको जनै र रक्षाबन्धन लगाएर जनैपूर्णीमा पर्व मनाउँदै छन् । वैदिक गुरु परम्पराअनुसार यज्ञोपवित अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोसमेत भनिन्छ । पछिल्लो समय हिन्दु धर्मावलम्बीको पवित्र पर्वको रुपमा मनाइने जनैपूर्णीमाको महत्व भने पुरोहितको अभावमा पनि हराउँदै गएको छ । **-...बाँकी अन्तिम पेजमा**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**सूचना न. १/२०८२/०८३** **सूचना प्रकाशन मिति २०८२/०४/२२**

यस तानसेन खानेपानी उपभोक्ता समिति अन्तर्गत तानसेन खानेपानी उपभोक्ता समितिले तपसिल अनुसारको व्यक्ति करारमा लिनुपर्ने भएकोले निम्नलिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त साथ हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरीकताको प्रमाण पत्र, शैक्षिक योग्यता, तालिम र अनुभवका प्रमाणपत्रहरुका प्रतिलिपि स्वयम प्रमाणित गरी पेश गर्नुपर्नेछ । अन्तरवार्ताको समयमा आफुले पेश गरेका प्रमाणपत्रहरुको सक्कल लिई उपस्थित हुनुपर्ने छ ।

**पद :** व्यवस्थापक, **आवश्यक सख्या :** १ (एक)

१) **आवश्यक न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण सस्थाबाट व्यवस्थापन संकायमा स्नातक वा सो सरह उत्तीर्ण ।

२) कम्प्युटरमा MS Word, Excel र Tally Programme लगायतका तालिम प्राप्त गरेको प्रमाणपत्रहरु ।

३) कम्प्युटरमा अंग्रेजी, नेपाली टाइप गर्न दक्ष, Excel मा आम्दानी खर्चको हिसाव राख्न सक्ने, लेखा र कार्यालय सम्बन्धी कामको प्रतिवेदन निर्माण र प्रस्तुत गर्न सक्ने अनुभवीलाई प्राथमिकता दिइनेछ ।

४) **दरखास्त फर्म पाइने र बुझाउने स्थान :** तानसेन खानेपानी उपभोक्ता समितिको महशुल काउन्टर, भगवतीटोल, तानसेन । दरखास्त फाराम रु. १०० तिरी उपलब्ध हुनेछ ।

५) **दरखास्त आईपुग्नुपर्ने अन्तिम मिति :** २०८२/०५/०६ गते दिउँसो ४.०० बजे सम्म र दोब्बर दस्तुर तिरी २०८२/०५/१३ दिउँसो १.०० बजे भित्र

६) **परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तरवार्ता

७) **परीक्षा दस्तुर :** रु. १०००।०० (रा.वा.बैकको खाता नं. ३०३०१००००५०५३००१ मा जम्मा गरेको सक्कल भौचर)

८) **उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

९) **परीक्षाको मिति :** पछि प्रकाशित गरिनेछ ।

१०) **पारिश्रमिक :** समितिको निर्णय अनुसार

**पुनश्च :** छनौट भएका उम्मेदबारको ६ (छ) महिनाको परीक्षणकाल रहनेछ र निजको काम सन्तोषजनक भएमा मात्र करार अबधि क्रमश: रुपमा नबिकरण गर्दै लगिनेछ । अन्य कुराहरु करारको शर्तनामामा उल्लेख भए बमोजिम हुनेछ ।

**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**
**सम्पर्क नं. : ०७५५२२०८७**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

## सम्पादकीय

# रक्षाबन्धन तथा जनैपूर्णिमाको धार्मिक मान्यता

**जनै पूर्णिमा अर्थात् रक्षाबन्धन हिन्दू धर्मावलम्बीले मनाउने एउटा पवित्र पर्व हो । प्रत्येक वर्ष श्रावणशुक्ल पूर्णिमाका दिन जनैपूर्णिमा अर्थात रक्षाबन्धन मनाउने गरिन्छ । यस दिनलाई हिन्दुहरूको एउटा विशेष चाडकारुपमा लिइन्छ । नेपाल तथा भारतका विभिन्न ठाउँमा यसलाई विभिन्न नाम राखिएको पाइन्छ । नेपालको तराई क्षेत्र तथा भारतमा यसलाई राखीपूर्णिमा भनिएको पाइन्छ । नेपालकै नेवार समुदायमा यसलाई क्वाँटी खाने दिनका रुपमा तथा गुनुपुन्ही भनेर मनाइन्छ । यसवाहेक कजरी पूर्णिमा, नरियल पूर्णिमा, अवनि अवित्तम तथा जे सुकैनाम दिए पनि हामीहरूका लागि यो पर्व जनैपूर्णिमा तथा रक्षाबन्धनका नामले प्रसिद्ध छ ।**

**जनै पूर्णिमाको दिन मन्दिर, खोला, पोखरी, पानीको मूल आदि स्थानमा ब्रह्माणद्वारा मन्त्रोच्चारण गरी जनै फेर्ने वा रक्षवन्धन बाँध्ने गरिन्छ । यो डोरा लक्ष्मीपूजाको दिन गाईको पुच्छरमा बाँधिदिने प्रचलन छ । धार्मिक मान्यता के छ भने, यसरी विधीपूर्वक डोरा बाँधेपछि रोग ब्याध नलाग्ने, सुख शान्ति मिल्ने हुन्छ । आज देशैभर हिन्दु धर्मावलम्बिहरुले डोरा बाधेर रक्षाबन्धन अर्थात् जनैपूर्णिमा पर्व मनाइँदै छन् । यो पर्वमा भान्जा, ज्वाईं, ब्राह्मणलगायतका मान्यजनहरूले रक्षाबन्धन लगाइदिने प्रचलन छ । नयाँ फेरिएको जनै र रक्षाबन्धनले धेरै कुराबाट सुरक्षित राखेर रक्षा गर्छ भन्ने धार्मिक किंवदन्ती छन् । सत्ययुगमा दानवबाट पीडित देवगणको रक्षा गर्न गुरू बृहस्पतिले रक्षाबन्धन बाँधिदिएको सम्झनामा जनै पूर्णिमा पर्व मनाइने गरिन्छ, तर पछिल्लो समय नेपाली समाजमा नयाँ पुस्ताले भने भुल्दै जान थालेका छन् । उनीहरुले कि त जनै लगाउँदैनन कि त सबै बिधि पूरा गर्दैनन् । यसको सामाजिक महत्व हुँदा हुँदै पनि आजभोलिका युवाले जनैमा विश्वास गर्दैनन् । यो अत्यन्त दुखको कुरा हो । पश्चिमा संस्कृतिले पनि नेपाली संस्कृतिलाई विस्थापित गर्दै लगेको छ । नेपाली परम्पराअनुसार मान्दै आइएका यी परम्परालाई पछिल्लो पुस्ताले ध्यान दिन सकेको छैन । अगाडिका वर्षमा धुमधमका साथ मनाइने जनै पूर्णमा आजकाल भने सामान्य जस्तै बनेको छ । रक्षाबन्धन बाँधेपछि मन, बचन र कर्मलाई पनि पवित्र बनाउनुपर्छ । यो आत्मअनुशासनको एउटा विधी हो । सांसारिक बन्धनदेखि छुटकारा लिएर ईश्वरीय बन्धनमा बाँधिने एउटा अवसर हो यो । रक्षाबन्धन यस्तो सांकेतिक बन्धन हो, जसले हामीलाई नराम्रो काम गर्न, नराम्रो विचार राख्न, नराम्रो चिन्तन गर्न, नराम्रो खानपान गर्नबाट नियन्त्रण गर्छ । आजको यस महत्वपूर्ण पर्वको सुअवसरमा सकारात्मक सोच र आत्मियताको विकासका लागि शक्तिप्रदान गर्न सकोस् सम्पूर्णमा हार्दिक शुभकामना ।**

## Opinion @ Social Network

सम्बन्धहरु मेटिँदै भएपनि, गोरेटाहरु कहिल्यै मेटिँदैनन् । जीवनमा सबैभन्दा असल मित्र आफ्नै गोरेटो रहेछ , जसले हरेक पटकको यात्रालाई पर्खिरहेको हुन्छ र साथ दिन्छ ।
*(शिव बस्यालको फेसबुक स्टाटसबाट www.facebook.com/shiva.bashyal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेनका जात्रा : सांस्कृतिक गाथा



**पुष्कर अथक रेग्मी**

सानो क्षेत्रफलमै प्रशस्त जैविक र सांस्कृतिक विविधता हुनु नेपालको विशिष्ट परिचय हो । विविध भाषा र संस्कृतिले भरिपूर्ण देश भएकैले हरेक दिनजसो कुनै न कुनै जाति, समुदायको उत्सव परिरहेको हुन्छ । हरेकजसो जाति, समुदायका आफ्नै संस्कृति भए पनि जात्रा, भोज र उत्सवका लागि नेवा: समुदाय प्रसिद्ध छ । समयक्रममा नेवा : समुदाय देशैभर छरिएर रहेका छन् । उनीहरु रहेका ठाउँमा बढीजसो जात्रापर्व, भोज र उत्सव हुने गर्छन् । पाल्पाको सदरमुकाम तानसेन पनि नेवार समुदाय भएको ठाउँ हो । यो आफैमा सांस्कृतिक सहर हो । यो सहर काठमाडौं उपत्यका पछिको दोश्रो सांस्कृतिक सहरका रुपमा परिचित छ । वर्षको पहिलो दिनदेखि वर्षको अन्तिम दिनसम्म यहाँ जात्रा, चाडपर्वहरु भई रहन्छन् । त्यसैले पनि तानसेनलाई सांस्कृतिक शहर भनिएको हो । तानसेनमा हुने जात्रा र संस्कृतिका विषयमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

तानसेनमा जनै पूर्णिमाको दिनदेखि दश दिनसम्म जात्रा शुरु हुन्छ । जनै पूर्णिमाको दिन दिउँसो चुइँकी निकालिन्छ । झ्यासी न्यासी झ्याई बाजा बजाउँदै, थोत्रो मादल ठटाउँदै, बोराको कपडा लगाई च्यातिएको छाता ओढ्दै, खाली लट्टाइले हावामा चङ्गा उडाउँदै, खेलौनाको बच्चा नचाउँदै, खाली ऐना देखाउँदै, विचित्र भेषभूषा लगाएका मानिसहरूले बजारको चोक-चोकमा गई हाँस्य व्यङग्य पाराले यमराजको सन्देश भनेर चुईंकी सुनाउँछन् । चुइँकीको अर्थ समाचार सम्प्रेषण गर्नु हो । यही दिन साँझ राती मृतकको सम्झनामा सम्बन्धित घर परिवारबाट कुनै सदस्य विरुपको भई थोत्रो टीन लतारेर बजार परिक्रमा गर्दछन् । चुइँकीको दिन गरिने क्रियाकलाप तानसेनको आफ्नै मौलिक साँस्कृतिक चलन हो ।

राजा प्रताप मल्लले काठमाडौंमा गाईजात्रा मनाउने चलन चलाएका थिए भने पाल्पामा काठमाडौंबाट आएका नेवार समुदायले तानसेनमा गाईजात्रा मनाउने चलन चलाएका हुन् । गाईजात्राको दिन विशेष गरी महिला मृतकको सम्झनामा काम्ले गाईका साथै जोगी, वासा, देवी देवताको स्वरुप बनाएर बजार घुमाइन्छ । निर्गुण भजन गाईन्छ । दरवारमा पुऱ्याइन्छ । दरवारमा पुऱ्याइनुको मतलव यसदिन यमराज दरवारमा बसेका हुन्छन् रे यसो गरिदा मृतकहरू सजिलै स्वर्ग जान्छन् भन्ने विश्वास छ ।

गाईजात्राको भोलिपल्ट रोपाई जात्रा देखाइन्छ । तानसेन बजारको सडह्क, चोक, टुकडिखेल, दरवारमा असारे धान रोपिएको अभिनय गरिन्छ । रोपाई जात्रा कुनै वर्ष ५-६ वटा समेत हुन्छ भने कुनै वर्ष १-२ वटा मात्र हुन्छ । पल्चेबाजाको तालमा रोपाइँ गर्दै जात्रा समूहले यसरी गीत गाउँछन् :-
असारे मासको दवदवे हिलो छि मलाई घिन लाग्यो पातली नानीलाई फरिया किन्दा छ विसे रिन लाग्यो रोपाई

*पाल्पाको सदरमुकाम तानसेन पनि नेवार समुदाय भएको ठाउँ हो । यो आफैमा सांस्कृतिक सहर हो । यो सहर काठमाडौं उपत्यका पछिको दोश्रो सांस्कृतिक सहरका रुपमा परिचित छ । वर्षको पहिलो दिनदेखि वर्षको अन्तिम दिनसम्म यहाँ जात्रा, चाडपर्वहरु भई रहन्छन् । त्यसैले पनि तानसेनलाई सांस्कृतिक शहर भनिएको हो । तानसेनमा हुने जात्रा र संस्कृतिका विषयमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ । तानसेनमा जनै पूर्णिमाको दिनदेखि दश दिनसम्म जात्रा शुरु हुन्छ । जनै पूर्णिमाको दिन दिउँसो चुइँकी निकालिन्छ । झ्यासी न्यासी झ्याई बाजा बजाउँदै, थोत्रो मादल ठटाउँदै, बोराको कपडा लगाई च्यातिएको छाता ओढ्दै, खाली लट्टाइले हावामा चङ्गा उडाउँदै, खेलौनाको बच्चा नचाउँदै, खाली ऐना देखाउँदै, विचित्र भेषभूषा लगाएका मानिसहरूले बजारको चोक-चोकमा गई हाँस्य व्यङग्य पाराले यमराजको सन्देश भनेर चुईंकी सुनाउँछन् । चुइँकीको अर्थ समाचार सम्प्रेषण गर्नु हो । यही दिन साँझ राती मृतकको सम्झनामा सम्बन्धित घर परिवारबाट कुनै सदस्य विरुपको भई थोत्रो टीन लतारेर बजार परिक्रमा गर्दछन् ।*

जात्राको भोलिपल्ट बाघ जात्रा पर्दछ । वाघको रुपमा सिगारिएको मान्छेलाई शिकारीहरूले घेरेको अभियनमा बाघ जात्रा देखाइन्छ । अचेल यो जात्रा हटाउन थालेकोले संरक्षण गर्नुपर्छ भन्ने जनगुनासो रहेको छ । यसैदिन श्रीनगरस्थित सिद्धि विनायक गणेश जात्रा र त्यसको भोलिपल्ट टक्सार टोलस्थित सूर्यविनायक गणेश जात्रा निकालिन्छ । अघिल्लो दिन जाग्राम बसी भोलिपल्ट बाजागाजाका साथ गणेशको मूर्तिलाई खाटमा राखी बजार घुमाइन्छ । तानसेन बजार भित्र छ ठाउँमा गणेशका मन्दिरहरू छन् ।

टक्सार गणेश जात्राको भोलिपल्ट भिमसेन टोलबाट भिमसेन जात्रा निकालिन्छ । भिमसेन भनेका महाभारतका बलवान शक्तिशाली भिम हुन् । शितलपाटीमा पनि एउटा भिमसेन मन्दिर छ । यसको जात्रा भने माघ महिनामा भीमा द्वादशीको दिन निकालिन्छ । तानसेन बजार भित्र मात्रै छ बटा भिमसेन मन्दिरहरू रहेका छन् । भिमसेन नेवारहरूका कूल देवता हुन् ।

भाद्र कृष्ण अष्टमीको दिन राती हुलाक चोकमा अस्थायी कृष्ण मन्दिर बनाई कृष्ण लिला देखाइन्छ । भोलिपल्ट कृष्ण जात्रा निकालिन्छ । यो कृष्ण जात्रा स्थानीय कृष्ण भक्तहरुले करीव तीस वर्ष अघि देखि मौलिक रुपमा मनाउन लागेका हुन् । कृष्णाष्टमीको दिन राती भगवती मन्दिरमा जाग्राम बसिन्छ । देवी भगवती र श्रीकृष्ण दिदी भाइ भएको पौराणिक कथन रहेको छ । भगवतीको मन्दिरमा जाग्राम बस्दा भजन गाइन्छ । मध्यराती साइत अनुसार विधिपूर्वक पूजा गरी भगवतीको प्रतिमूर्ति बाहिर ल्याई खटमा राखिन्छ ।

यहि क्रममा घण्टाकर्ण ( गाँठेमंगल) को दिन जन्मेको लाखेलाई मध्यरातमा मारिन्छ । लाखे मार्नुको उद्देश्य दानव माथि देवीको जित हुनु र असत्य माथि सत्यको विजय हुनु हो । भोलिपल्ट अर्थात् भाद्र कृष्ण नवमीको दिन राष्ट्रिय अदबका साथ भगवती जात्रा निकालिन्छ । भगवती जात्राको दिन भगवती मन्दिरको साथै तानसेन बजार भरिनै मान्छेको भीड हुन्छ । कति मान्छेहरू घरको छत, बार्दली र झ्यालहरूमा समेत हुन्छन् । दिउँसो एक बजे बन्दुक पड्काएर जात्रा निकालिन्छ । पितलको सुन्दर खटलाई तीन पटक मन्दिर परिक्रमा गराइन्छ ।

नेपाली सेनाद्वारा सलामी अर्पण गरिन्छ । सैनिक, प्रहरी, प्रशासन, प्राध्यापक, शिक्षक, विद्यार्थी, व्यापारी, स्थानीयवासी, भक्तजन सम्पूर्णको ठूलो उपस्थिति रहन्छ । भगवतीको खटभित्र पूजारी बसेका हुन्छन् भने परम्परा अनुसार कुमाल समुदायका जवानहरूले खट बोक्छन् । भगवती जात्रालाई श्री ७ रणउजिरेश्वरी भगवतीको जात्रा भनिन्छ । यो जात्राको शुरुवात आजभन्दा दुईसय वर्ष अघि कर्णेल उजिरसिंह थापाले अंग्रेजलाई जितेको खुशीयालीमा मन्दिर बनाई जात्रा निकालिएको हो । यो जात्रा पाल्पालीहरुको मात्र नभई नेपालीहरूको राष्ट्रिय पर्व हो । भगवती जात्राको भोलिपल्ट नारायण जात्रा पर्दछ । नारायण जात्रा कुनै वर्ष भगवती जात्राकै दिन पर्दछ । विशेष: गरी भाद्र कृष्ण नवमीमा रोहिणी नक्षत्र परेको दिन यो जात्रा निकालिन्छ । यसरी पाल्पाको तानसेनमा दश दिनसम्म लगातार जात्रा हेर्न पाइन्छ । यसका साथै तिथि मिति अनुसार कालभैरव, वटुक भैरव, लक्ष्मी नारायण, हनुमान जात्राका साथै बौद्ध धर्मावलम्बीहरूले बुद्ध जयन्तीको अवसरमा बुद्ध जात्रा निकाल्छन् । यी सबै जात्राहरू हाम्रो इतिहास, संस्कृति र परम्परा हैनन् पाल्पा तानसेनको गौरवशाली ऐतिहासिक सांस्कृतिक गाथाहरु समेत हुन् ।

**(रेग्मी पाल्पा साहित्य समाजका अध्यक्ष र इतिहास संस्कृतिको पक्षमा कलम चलाउने लेखक समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : बौद्धिक प्रतिस्पर्धामा विजयी भइने छ । प्रेम र मित्रताको बन्धन कसिनेछ । | **तुला** : व्यापार व्यवसायमा मनग्य लाभ मिल्नेछ । शुभ समाचार प्राप्ती हुनेछ । |
| **वृष** : आयआर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन् भने सन्तान पक्षबाट राम्रो सूचना मिल्नेछ। | **वृश्चिक** : एकाग्रताको साथमा मेहनत गर्नुहोस् सफलता मिल्नेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा धैर्यताले गर्नुहोस् सफलता मिल्नेछ । उद्योग व्यापारमा फाइदा हुनेछ। | **धनु** : कार्यक्षेत्रमा कार्यलाई टाल्नुभन्दा सम्पादन गर्नमा विश्वास राख्नुहोला। |
| **कर्कट** : नोकरी वा पेशामा अधिकारी वर्गहरूबाट सहयोग पाइनेछ । | **मकर** : कुनै शुभ समाचारले कार्यक्षेत्रमा कार्यप्रति उत्साह जगाउनेछ। |
| **सिंह** : कार्यक्षेत्रमा उचित मूल्यांकन नमिल्ला । अवसरबाट सावधान रहनुहोस्। | **कुम्भ** : मनपर्दो भोजन वा पहिरनले मन रमाउनेछ। |
| **कन्या** : बनिरहेको कार्य बोलीले गर्दा समस्या निम्त्याउन सक्छ सावधान रहनुहोला। | **मीन** : साहित्य र कलाको क्षेत्रमा सफलता मिल्ला।नसोचेको नगदप्राप्ती हुँनेछ । |


# साहित्य दर्पण

## विसंगत समाजको यथार्थ चित्र ‘तालीको समाजशास्त्र’

**प्रदीप सापकोटा**

मानिसका अन्तर्क्रिया, मानिसका बीचका अन्तरनीहित विभिन्न प्रकारका सम्बन्ध र गतिविधि कवितामा उधिन्नु सहज हुँदैन् । झनै आजको मान्छे मानिस प्रशंसा मन पराउँछ । गाली मन पराउँदैन् । ताली मन पराउँछ । मानिस आलोचनामा रमाउँदैन् । त्यही भएर त मानिस हमेशा प्रशंसाको भोको हुन्छ । त्यसैले तपाई कसैको प्रशंसामा समय खर्चिनुस वा उसको वाहावाहीको पुल बाँधिदिनुस् ऊ तपाईंसँग खुशी हुन्छ । तालीको महिमा गजब छैन् त ! विश्व सिग्देल यस्तै तालीको समाजशास्त्र लिएर नेपाली कविताको आकाशमा उदाएका छन् ।

विश्व भुइँमान्छेका मन लेख्छन् । तिनका मनोदशाको गहिराई मज्जैले नाप्ने खुवी छ उनमा । अभाव, पीडा र छट्पटीको महसुस गर्न सक्छन् । छामेका छन्-हर गरिब दु:खीका नाडी उनले । हमेशा चिन्ता हुन्छ मिहेनतकश मान्छेको उनलाई । श्रमलाई सम्मान गर्न जानेका उनी आफैं पनि मानसिक श्रम बेच्छन् । यसैले श्रम र पसिनाको मूल्यवोध छ । उनी मानवीयताका पक्षपाती हुन् । भुइँमान्छेका सपनामा खेलवाड गर्ने शासकहरूसँग उनी आक्रोशित भएर विद्रोह ओकल्छन् । कविताहरू समयका पदचाप लाग्छन् । उनी मनको भित्रीतहदेखि मानवताका पक्षमा शब्दको खेती गर्छन् । यथार्थवादी लाग्छन् । विकृति र विसंगति कविलाई पटक्कै मन पर्दैन् । यसैले त्यस्ताका विरुद्ध कविमन विद्रोही बन्छ । असाध्यै थोरै लेख्छन् । बलशाली लेख्छन् । कविता कोर्छन् मनदेखि । भावना सकारात्मक छ । यसैले कविताहरू सकारात्मक आयतनले भरिएका छन् । भन्न सकिन्छ वर्तमान समाजका ऐना लाग्छन् कविता । कविताले यथार्थलाई पाठकसामु सत्यापन गरेका छन् । उनी मानिसका अन्तर सम्बन्धका बास्तविकतालाई उजागर गर्ने कवि हुन् । फोस्रो आडम्बरको विरुद्ध सतिशाल बनेर उभिने कविका कविता पनि त्यतैतिर लक्षित छन् । तपाई मान्नुस वा नमान्नुहोस तपाईंको मर्जी । विकृति र विसंतिको विरुद्ध जेहाद छेड्ने सामार्थ्यका कविता छन् यसमा । परिवर्तनको पक्षमा लाग्नेको भावनाहरू छन् । यथार्थताको सत्यापन गर्ने कविका मष्तिस्क मन्थनका उपजको रुपमा कविता आएका छन् । सकारात्मक कुरा अंगाल्न र नकारात्मकतालाई त्याज्य गर्न आफवान गर्ने कवि आफू जिइरहेको युगको सचित्र वर्णन गर्न सक्षम देखिएका छन् । तालीको समाजशास्त्रभित्र ४५ थान कविता रहेका छन् । सार्वजनिक शौचालय र संसद्मा फरकपन नभएको भन्दै कटाक्षपूर्ण बिम्बद्धारा झटारो हानेका छन् कविले-सार्वजनिक शौचालय कवितामा । विश्व पुँजीवादीहरूको पोल्टोमा पुगिसकेको छ । हाम्रा सूक्ष्म तर बहुउपयोगी अर्गानिक चीजवीजहरू मदानी, झुम्रो, मठ, च्याखुरा आदि लोपोन्मुख हुन् थालिसके । तेस्रो विश्व आक्रान्त पारेर सकाइसके शक्तिहरूले भन्ने संकेत गर्छन् उनी कविता, ‘बजार र तेस्रो विश्व’मार्फत । शीर्षकृत कविता तालीको समाजशास्त्रमा ताली अन्धो हुनेतर्फ उनको संकेत छ । उनले नेताका हर कुरामा जनताले ताली बजाएर समर्थन गरिदिँदा हाम्रो देशमा नेताहरू बदमास भएको तर्फ




उनले औंल्याएका छन् । मानवीय पीडा र संवेदना उनीहरूको विद्रुपता कवितामा बोल्ने कवि विश्व जहिल्यै भुइँमान्छेका पीर र चिन्तालाई कवितामार्फत ओकल्छन् । तर उनको भाव बडो शालिन र गम्भीर रूपमा प्रकट हुन्छ । उनको कृतिमा अर्को बलशाली कविता छ

**म नाङ्गो सावुन हुँ**
**नाङ्गो**
**ओ तेस्रो विश्व !**
**तिम्रो आदिम आवरणहीन मुहार**
**र, मेरो अनुहारमा के फरक छ ?**
**शीत-ताप खोपिएको**
**तिम्रो जुरो उठेको काँध**
**र, मेरो मटमैलो रङ्गमा के फरक छ ?**
**चपराले फर्काएको डल्ला**
**दाँदेले हिल्याएको खेत**
**के त्यही माटो जस्तो छैन् मेरो बास्ना ? (नाङ्गो साबुन)**

विश्वका कवितामा रोनाधोना छैन् । भावनाको गहिराईमा विषम समयप्रति विद्रोह भाव छ । असहमति छ । शालिन आक्रोश छ । विभिन्न वादमा कित्ताकाट भएको देशको भविष्यप्रति चिन्ताभाव छ ।

**हामीहरू मार्क्स हौं**
**वा, हौं माओ**
**बुद्ध हौं वा हौं ताओ**
**दर्शनलाई**
**रु.दशको पोलिमर नोट हुनबाट जोगाऔं । (पोलिमर नोट)**

बेगर माष्टर अर्को सुन्दर र शक्तिशाली कविता हो । उनले विश्वमा दबदबा सिर्जना गरिरहेको अमेरिकालाई बेगर माष्टरको बिम्बमा लिपेका छन् । उसले विश्वमा फिँजाइरहको दादागिरीप्रति कटाक्ष छ कवितामा । देश राजनीतिले विर्ग्यो भन्नेहरूको निम्ति मास्टरपीस लाग्दा छन् कविता । राजनीतिक अन्तरवस्तुलाई विषय बनाएर उधिनिएका शक्तिशाली कविताहरू तालीको समाजशास्त्रभित्र परेका छन् । कमरेड गोल्डस्टार, पोलिमर नोट जस्ता कविता यो कोटिमा पर्छन् । यथार्थवादी धारमा उनका कविता बगेका छन् । वैचारिक स्खलन बोकेका राजनीतिज्ञहरू हिजो गोलस्टार जुत्ता लगाएर युद्ध गर्थे आज सत्ताको आस्वाद चाखिरहेका छन् भन्ने तथ्यलाई कविताले उजागर गर्छ । कवि विश्व युगिनचेतका द्रष्टा हुन् । समसामयिक परिवेशले उनलाई छुन्छ र कविता बुन्छन् । आफ्नै भाव, पृथक शैली र अरूले नजरअन्दाज गर्न नसकेका विषयहरूमा कविता कर्म गर्ने कवि हुन् विश्व । अर्गानिक भावका कविताको प्रधानता यस कृतिभित्र महसुस गर्न सकिन्छ । गम्भीरताको प्रचुर वर्षा गराउँछन् कवितामा विश्व । भावनाको उचाइ चुम्न सफल कविता पस्कन सफल छन् विश्व । छोटा कवितामा धेरै भाव अभिव्यक्त गर्न सफल उनी चर्चामा आउन नरुचाउने स्वभावका लाग्छन् । कवितामा प्रयुक्त संवेदनशीलता, परिवर्तनचेत, क्रान्तिचेत दृष्टिकोण खास वैशिष्ठ्य लाग्छन् । परम्परिक मूल्यमान्यता र आदर्शभन्दा पर नवीन मूल्य र मान्यताको सन्निकट छन् विश्व र त कवितामा वर्तमान युगबोध गर्छन् । जीवनका भोगाइबोध गर्छन् । युगीन यथार्थवादको निकट कविताहरू कोरल्छन् । उदाशीनताभन्दा पनि विद्रोहचेत र उत्साह भर्ने मनसायका कवितामा मानवता खोज्ने यत्न गर्छन् । युगजीवनको प्रतिनिधित्व गर्ने कवि युगीन राजनीतिक अवस्थाको चित्रण गर्छन् । आफ्ना कवितामार्फत सिग्देल राजनीतिक मूल्य र मान्यताको अवमूल्यन भएकोमा खनिएका छन् । व्यापक असन्तुष्टि राखेर त्यस्तै कुराहरू अभिव्यञ्जित गर्छन् । यस्तै उनका कविताहरू सामाजिक विसंगतिको विरुद्ध बोल्छन् । विश्वले कुनै पनि विषयमा कविता लेख्दा त्यसको गहिराइमा डुबेर लेखेका छन् । उनका कविताहरूमा भावनात्मक सम्बन्ध र सामञ्जस्यका कुरा आएका छन् जुन ठूलो कुरा हो । उनको कसैप्रति प्रतिवाद होइन, गलत व्यवहारप्रतिको आक्रोश अभिव्यक्तिएको छ कविताहरूमा । युगीन विसंगतिप्रति गाम्भिर्यता, वर्तमान यथार्थको भोगाइबाट उब्जेका पीडाको कारण कविताहरू सिर्जना भएजस्तो देखिन्छ । अनेकौं विषयका ज्ञाता जस्ता लाग्ने कवि ती ज्ञानहरू कवितामा अन्तरघुलित गराउन खप्पिस देखिए । कथ्य र भाव अनुसारका भाषाशैली र बिम्बहरूको प्रयोगले कविता सुबोध्य बनेका छन् । यसैले भन्न सकियो भाषिक रूपमा सरल, सुबोध्य भाषाशैली, सपाट नारा नभएर बिम्बात्मक भावको बलशाली र गहुँगा शब्दहरूको प्रयुक्ति, कलात्मक मूल्यमा दृढ, बौद्धिक चेत कवि विश्वका कविताका विशेषता हुन् । भन्न सकिन्छ सिग्देलका कविता जीवन र युग सापेक्ष आएका छन् । सुन्दर कविता कृतिको लागि कवि विश्व सिग्देललाई हार्दिक बधाई ।

**-इहिमालयटाइम्स डटकम**

निबन्ध

**सञ्जीव पौडेल**

## नेपाली समाजमा ढोंग, पाखण्ड र आडम्बर

नेपाली समाजमा ‘ढोंग’, ‘पाखण्ड’ र ‘आडम्बर’ शब्दहरू निकै प्रचलित छन् । यिनले मानिसका विभिन्न व्यावहारिक पक्षहरूलाई चित्रण गर्छन् । शब्दकोशअनुसार ढोंगले ‘देखावटी काम’ भन्ने अर्थ लाग्दछ । ढोंग भनेको झूटलाई साँचो र नक्कलीलाई सक्कली देखाउने एक किसिमको नाटक हो । यो त्यस्तो अवस्था हो जहाँ व्यक्तिले आफ्नो वास्तविक रूप लुकाएर अरूलाई भ्रममा पार्न खोज्छ । समाजमा यस्ता ढोंगीहरू प्रशस्तै भेटिन्छन् जसले आफ्नो स्वार्थ पूरा गर्न, अरूको सहानुभूति बटुल्न वा आफ्नो छवि सुधार्नका लागि अनेकौं जालसाजी गर्छन् । आफूलाई असल र परोपकारी देखाउन समाजसेवाको खोल ओढेर भित्रभित्रै व्यक्तिगत लाभका लागि काम गरिरहेका हुन्छन् । पाखण्डले ’वेदविरुद्ध आचरण गर्ने व्यक्ति वा सम्प्रदाय’ भन्ने बुझिन्छ । मानिसले गर्ने नक्कली व्यवहार पाखण्ड हो, अर्थात् विधिलाई नमान्नेहरू जहाँ व्यक्तिको भित्री सत्य एउटा हुन्छ भने बाहिरी व्यवहार अर्कै । पाखण्डीहरू आफूलाई नैतिकवान्, धार्मिक वा इमानदार देखाउन प्रयत्न गर्छन्, तर उनीहरूको वास्तविक चरित्र त्यसको ठीक विपरीत हुन्छ ।

यो एक प्रकारको दोहोरो चरित्र हो । उदाहरणका लागि, धर्मको आडमा गलत कार्य गर्ने, नैतिकताका ठूला कुरा गर्ने तर आफैं अनैतिक व्यवहारमा संलग्न हुने पाखण्डका उत्कृष्ट उदाहरण हुन् । आडम्बरले देखावटी धाक वा बाहिरी ढाँचा बुझाउँछ । आडम्बर भनेको आफूमा नभएको क्षमता, सीप वा गुणलाई भएको देखाउने प्रवृत्ति हो । आडम्बरी व्यक्तिहरू आफूलाई अरूभन्दा उत्कृष्ट र शक्तिशाली देखाउन चाहन्छन्, यद्यपि उनीहरूमा त्यो क्षमता हुँदैन । उनीहरूले आफ्नो सामाजिक प्रतिष्ठा, धन वा शिक्षाको झूटो प्रदर्शन गरेर अरूलाई प्रभावित पार्न खोज्छन् । उदाहरणका लागि, ऋण काढेर महँगो गाडी चढ्ने वा अनावश्यक प्रदर्शन गर्ने, आफूलाई ठूलो विद्वान् देखाउन अनावश्यक शब्दाडम्बर प्रयोग गर्ने जस्ता व्यवहारहरू आडम्बरका सूचक हुन् । यसरी यिनीहरूको शाब्दिक अर्थ दिए पनि नेपाली परिवेशमा यिनको प्रयोग र प्रभाव अझ व्यापक रूपमा देखिन्छ । सारमा यी तीनै शब्दले झूटोपन, कपट र देखावटीपनलाई सङ्केत गर्छन् । यी शब्दहरूले व्यक्तिगत सम्बन्धदेखि सामाजिक तथा राजनीतिक क्षेत्रसम्म गहिरो असर पार्छन् । समाजमा ढोंग, पाखण्ड र आडम्बरका केही दृश्यहरू हेरौं । मृत्यु संस्कारमा विकृति देखिएको छ । भगवद्गीताले “मृत्यु नै परम सत्य हो, बाँकी सबै मिथ्या’’ भन्दछ । मृत्यु एउटा अन्तर्निहित सत्य हो जुन प्रत्येक प्राणीको नियति हो । तर, यस शाश्वत सत्यलाई बुझ्नुभन्दा बढी नेपाली समाजमा हामीले मृत्युका प्रसङ्गलाई ’प्रदर्शन’ र ’प्रसार’ को साधन बनाउने विकृति जन्माएका छौं । परिवार शोकमा डुबेको हुन्छ, आँसु सुकेका हुँदैनन्, अनि एक हुल मानिस एउटा ठूलै फ्रेम बोकेर आउँछन् । श्रद्धाञ्जलिको नाममा । त्यो फ्रेममा चिल्ला शब्दहरू लेखिएका हुन्छन् । “हामी स्तब्ध छौं”, “शोकसन्तप्त परिवारमा गहिरो समवेदना”... आदि । फ्रेममा हुने यी ’शिष्ट’ शब्दहरू न आत्माको शान्तिका लागि लेखिन्छन् न परिवारप्रति समवेदना व्यक्त गर्न । ती त प्रदर्शनका लागि लेखिन्छन् । समाजमा देखाउने, फोटो खिचाउने र फेसबुकको भित्तो रङ्गाउने प्रयोजनका लागि । ती फ्रेमहरू

> ***मानिसले गर्ने नक्कली व्यवहार पाखण्ड हो, अर्थात् विधिलाई नमान्नेहरू जहाँ व्यक्तिको भित्री सत्य एउटा हुन्छ भने बाहिरी व्यवहार अर्कै । पाखण्डीहरू आफूलाई नैतिकवान्, धार्मिक वा इमानदार देखाउन प्रयत्न गर्छन्, तर उनीहरूको वास्तविक चरित्र त्यसको ठीक विपरीत हुन्छ । यो एक प्रकारको दोहोरो चरित्र हो । उदाहरणका लागि, धर्मको आडमा गलत कार्य गर्ने, नैतिकताका ठूला कुरा गर्ने तर आफैं अनैतिक व्यवहारमा संलग्न हुने पाखण्डका उत्कृष्ट उदाहरण हुन् । आडम्बरले देखावटी धाक वा बाहिरी ढाँचा बुझाउँछ । आडम्बर भनेको आफूमा नभएको क्षमता, सीप वा गुणलाई भएको देखाउने प्रवृत्ति हो । आडम्बरी व्यक्तिहरू आफूलाई अरूभन्दा उत्कृष्ट र शक्तिशाली देखाउन चाहन्छन्, यद्यपि उनीहरूमा त्यो क्षमता हुँदैन ।***

श्रद्धाञ्जलिको होइन, ’स्व-प्रचार’ को साधन बन्न थालेका छन् । फ्रेम बनाउन खर्च हुन्छ । बोकेर ल्याउन समय लाग्छ । फोटो खिच्न सारा तयारी हुन्छ तर त्यो मृतकप्रति श्रद्धा होइन, ’हामी उपस्थित थियौं’ भन्ने प्रमाण हो । परिवार रोइरहेको हुन्छ तर समूह हाँस्दै फोटो खिच्दै फर्किन्छ । साँचो श्रद्धाञ्जलिमा हास्य हुँदैन । यो संवेदना होइन, सञ्चारको पाखण्ड हो । त्यसपछि सुरु हुन्छ अर्को प्रहसन । फ्रेम हस्तान्तरण समारोह । उपस्थित ’डेलिगेसन’ को प्रमुखले भाषण दिन्छन्, मृतकको गुणगान गाइन्छ, अनि फोटो खिचिन्छ । त्यो फोटो फेसबुक, टिकटक, इन्स्टाग्राममा पोस्ट हुन्छ । क्याप्सनमा लेखिन्छ । “शोकमा सहभागी भयौं। अमूल्य योगदान सम्झँदै श्रद्धाञ्जलि।’’ । यस्तो सङ्गीतमय सार्वजनिक प्रदर्शन अब त शोक होइन, सोसल मिडिया इभेन्ट’ बनेको छ । हाम्रो समाजमा वास्तविक भावनाभन्दा पनि देखावटी दया’ बढ्दै छ । घरमा ती फ्रेम राख्ने ठाउँ हुँदैन, बोरामा राखेर फाल्न मन लाग्दैन, किनभने फोटो आफन्तको हुन्छ । न फाल्न सकिने न राख्न सकिने । एकजना भूतपूर्व मन्त्री लालबाबु पण्डितले बोरामा प्याक गरिएका र केही भित्ताभरि टाँगिएका फ्रेमहरू देखाउँदै भनेका थिए, “यी फ्रेम अब राख्ने कि बाल्ने कि बोरामा हालेर विसर्जन गर्ने? यसको पनि समाजले जवाफ खोज्नुपर्छ।’’ । यो सत्य हो ।

फ्रेमले आत्मालाई शान्ति दिँदैन । मृतकको आत्माको शान्तिको काम त उसको नाममा गरिएको पुण्यले, परिवारलाई दिइएको साथले, बाँचेका आफन्तप्रतिको सद्भाव र सहयोगले मात्र हुन्छ । हिन्दू दर्शन भन्छ, “असत्यबाट सत्यतर्फ, अन्धकारबाट प्रकाशतर्फ, मृत्युबाट अमरत्वतर्फ लैजाऊ’’ तर आज हामी सत्यतर्फ होइन, ’सजावट’ तर्फ लागिरहेका छौं । मृत्युलाई ’फ्रेमबद्ध’ गरेर शोकको गहिराइ होइन, फोटोको ’फ्रेम रेट’ हेर्न थालिएको छ । त्यस्तै बुद्धले भनेका थिए, “संसार दु:खमय छ। दु:खको कारण तृष्णा हो।“ । यहाँ ’श्रद्धाञ्जलिको तृष्णा’ देखिन्छ । मान, प्रचार, देखा पर्न खोज्ने तीव्र आकाष्षा । श्रद्धाञ्जलि फ्रेम होइन, कर्म हो । शब्द होइन, भावना हो । सोसल मिडिया पोस्ट होइन, आत्मासँगको संवाद हो । राजनीतिमा पनि पाखण्ड देखिन्छ । आज हाम्रो राजनीतिमा पनि पाखण्डले गहिरो जरा गाडेर बसेको छ । भाषणमा जनताको नाम लिने नेताहरू वास्तवमा आफ्नै स्वार्थमा रुमल्लिएका हुन्छन् । अस्पतालको उद्घाटन गर्दाका तामझाम, गरिबको मलामी जाँदाका सस्तो अभिनय, मृतकप्रति समर्पणभन्दा बढी फोटो खिचाउने होड लगायत पिर्के सलामी हामीले देखेकै छौं । यी सबै राजनीतिक ढोंगका नयाँ शैली हुन् । नेताहरू आफूलाई सर्वेसर्वा र सर्वज्ञानी देखाउन खोज्छन् । उनीहरूमा आवश्यक ज्ञान, सीप वा अनुभव नभए पनि आफूलाई योग्य देखाउन अनेकौं नाटक गर्छन् । विदेशी सहयोग वा विकास आयोजनाको श्रेय लिनका लागि अनावश्यक तामझाम र प्रचारबाजी गर्छन् । आफ्नो शक्ति र प्रभाव देखाउनका लागि अनावश्यक प्रदर्शन गर्नु पनि राजनीतिक आडम्बर हो । भनिन्छ, राजनीति ढोंगबिना टिक्दैन, शब्दमा आदर्श हुन्छ, कर्ममा स्वार्थ । धार्मिक क्षेत्रमा उस्तै आडम्बर देखिन्छ । धर्म मानिसलाई आन्तरिक शुद्धताको बाटो देखाउने माध्यम हो । तर अहिले धर्म पनि प्रदर्शनको क्षेत्र बनेको छ । ठूला माइक, झकझके लुगा, स्तुतिगान, चन्दा सङ्कलन, पण्डित-गुरुको प्रचार, उनीहरूको आडम्बर । यस्तो लाग्दै छ, “धर्म अहिले भगवान्को होइन, ब्रान्डको व्यापार बनेको छ ।’’ । बुढापाकाहरूले भन्ने गर्थे “ढोंगले धर्म हुँदैन, रडले पुजारी हुँदैन ।’’ । बुद्धले भनेका थिए: “बाह्र्य क्रियाभन्दा अन्तर्मन शुद्ध हुनु धर्म हो।“ । तर आज ढोंगी धर्मगुरुहरूले यति रङ्गमञ्च तयार पारेका छन् कि सत्य लुक्छ र स्वरूप केवल देखावटी पूजा मात्रै बाँकी रहन्छ ।

अर्को महत्वपुर्ण पक्ष सामाजिक कार्यमा ढोंग देखिन्छ । हामीले गर्ने सामाजिक कार्यक्रमहरू- विवाह, व्रतबन्ध, भात खुवाइ वा पास्नी, जन्मदिन, हामीले मनाउने चाडपर्वहरूमा पनि ढोंग र आडम्बर देखिन्छ । पर्वहरू यति महँगो हुँदै गए कि सामान्य व्यक्तिको आर्थिक हैसियतले पुग्दैन । तर ढोंग र आडम्बरका लागि पनि गर्नुपर्ने जस्तो भएको छ । आफ्नो संस्कृतिभन्दा आयातित संस्कृतिलाई अङ्गाल्न खोज्दा यस प्रकारको आडम्बर देखिएको छ । यसले समाज विचलित हुँदै छ । श्रद्धाञ्जलिको फ्रेमलाई बोरामा होइन, चेतनामा विसर्जन गरौं । धर्मको नाममा आडम्बर होइन, अन्तरात्माको शुद्धि खोजौं । राजनीतिमा स्वार्थ होइन, सेवाको साँचो मर्म बुझौं । समाजलाई देखावटी संस्कारबाट मुक्त गरौं । ढोंग, पाखण्ड र आडम्बर नेपाली समाज र राजनीतिको एक तीतो यथार्थ हो । यी प्रवृत्तिले व्यक्ति, समाज र राष्ट्रलाई नै कमजोर बनाउँछन् । सत्य, इमानदारी र पारदर्शिताले मात्रै यस्ता नकारात्मक प्रवृत्तिको अन्त्य गर्न सकिन्छ । एउटा स्वस्थ र न्यायपूर्ण समाजको निर्माण गर्न सकिन्छ । पाखण्ड त्यागौं, आडम्बर जलाऔं, ढोंगलाई यथार्थमा बदलौं ।

**-समकालिन साहित्य डटकम**

# प्राकृतिक प्रकोप कम गर्न भू-संरक्षण दिवस



**पाल्पा,** साउन २३/आज राष्ट्रिय भू-संरक्षण दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालमा हरेक वर्ष श्रावण महिनाको २४ गते यो दिवस मनाउने गरिन्छ । देशका विभिन्न स्थानमा अन्तर्क्रिया गर्नुका साथै वृक्षरोपण गरेर दिवस मनाइँदै छ ।

बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सहयोग पुऱ्याउन एवं भू-क्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्न तथा पूर्वाधार संरक्षण गर्ने उद्देश्यले वि.सं २०३१ साल श्रावण २४ गते भू तथा जलाधार संरक्षण विभाग स्थापना भएको संझना स्वरुप यस दिवसको सुरुवात भएको हो । विभागको स्थापना सँगै जिल्ला स्तरमा भूसंरक्षण कार्यालय स्थापना गरी सेवा प्रवाह सुरु गरिएको थियो । साल २०३१ पछि विभाग स्थापना भएको दिन श्रावण २४ गतेलाई "भूसंरक्षण दिवस" को रूपमा मनाउने गरिएको पाइन्छ । विगत वर्षहरूमा फूलजन्य बिरुवा, धुपी, काइयोलागयत बोटबिरुवा रोपेर सो दिवस मनाइँदै आइएको छ । वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावका दृष्टिकोणले नेपाल उच्च जोखिममा छ । संवेदनशील भू-धरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक बनावटका कारणले गर्दा मानवजन्य तथा प्राकृतिक प्रकोपका प्रभावबाट भारी मात्रामा धनजनको क्षति र वातावरणीय समस्या व्यहोर्नुपरेको छ । हाल आएर भू उपयोगको ढाँचामा तीव्र परिवर्तन आइरहेको छ । भू-क्षयकै कारण हाल जमिनको उर्वराशक्तिमा समेत ठूलो ह्रास देखा पर्दै गएको छ । प्रकृतिको पारिस्थितिक सन्तुलनलाई जोगाउनका लागि समेत अहिले भू-संरक्षणको महत्व र भूमिका सर्वाधिकरुपमा बढ्दै गएको छ, तर सरकारी तवरबाट भने यसको कुनै पनि चासो देखाइएको छैन । जिल्ला-जिल्लामा भू-संरक्षणका लागि काम गर्ने निकायहरुको स्थापना भएको देखिए पनि त्यसबाट प्राप्त सेवाप्रवाह भने चित्तबुझ्दो छैन ।

भू-संरक्षणका लागि नै भनेर २०७५ सालदेखि नीतिगत निर्माण कार्यान्वयनमा नआएको होइन, तर भू-संरक्षणमा देखिएको लापरवाही देशमा वृद्धि हुने क्रमले गति लिँदा त्यस्तो नीति सही ढङ्गले लागू हुन नसकेको प्रस्टै छ ।

# आदिवासी जनजाति दिवस मनाइँदै



**पाल्पा,** साउन २३/३१ औं अन्तर्राष्ट्रिय आदिवासी जनजाति दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । सदाझैं यसपटक पनि अगस्त नौ मा विभिन्न तामझामका साथ दिवस मनाउन लागिएको हो ।

संयुक्त राष्ट्रसंघको सन् १९९४ डिसेम्बर २३ मा बसेको महासभाले पहिलो पटक '९ अगस्ट'लाई 'विश्व आदिवासी दिवस' का रूपमा मनाउने निर्णय गरेको थियो । सन् १९८२ मा आदिवासी बारेमा उठेका सवाल सम्बोधनका निम्ति कार्यदल गठन गरेको थियो । सोही कार्यदलको पहिलो बैठक अगस्त ९ मा बसेको थियो । कार्यदलको सुझावअनुसार सोही दिनको सम्झना गर्दै यो दिवस मनाउन थालिएको हो ।

नेपालका आदिवासी जनजातिले समेत १९९५ देखि यो दिवस मनाउँदै आएका छन् । नेपालमा आदिवासी जनजातिहरूले राज्यबाट आदिवासी जनजातिको मान्यता पाएको धेरै भएको छैन । २०५४ मा जनजाति विकास समिति गठनपछि आदिवासीहरूले राज्यबाट आदिवासीको मान्यता पाएका थिए । पछिल्लो सार्वजनिक तथ्याङ्कलाई केलाएर हेर्दा विश्वको कुल जनसंख्याको ५ प्रतिशत हिस्सा आदिवासीहरुले ओगटेको देखिन्छ भने विश्वभरका गरिबहरुको कुल संख्यामध्ये १५ प्रतिशत आदिवासीहरुको भागमा परेको छ । अझ त्यसमा पनि आदिवासी महिलाहरुको अवस्था त कहालीलाग्दो नै छ । उल्लेखित तथ्याङ्कै आधारमा आदिवासीहरुलाई अझैसम्म पनि गरिब वर्गमै गणना गर्ने गरेको देखिन्छ । आदिवासी जनजातिहरुले आफ्नो हकअधिकारका लागि धेरै लामो समयसम्म आन्दोलनलाई अघि बढाउँदै आएका छन् र पनि अहिलेसम्म उनीहरुको अधिकारको सुनिश्चितता नभएको अवस्था छ । संवैधानिक प्रावधानका रुपमा कुनै पनि जातजाति, समुदाय, वर्गलाई भेदभाव गर्नु कानुनी अपराध भनिएको छ, तर पनि सामाजिक रुपमा आदिवासी जनजातिहरुप्रति समान व्यवहार हुन नसकेको पाइएको छ ।

## खेलकुद समाचार

# नेपालले साउदी अरेबियालाई हरायो



**काठमाडौं,** साउन २३/एएफसी २० वर्षमुनिको महिला एशियन कप छनोटमा नेपालले साउदी अरेबियालाई हराएको छ । भुटानको चाङ्लिमिथाङ रङ्गशालामा भएको खेलमा नेपालले साउदी अरेबियालाई १-० गोलले हरायो ।

नेपालकी शुक्रिया मियाँले खेलको ९० औं मिनेटमा गोल गरिन् । यसअघि खेलको ३६ औं मिनेटमा पाएको पेनाल्टी नेपालले सदुपयोग गर्न सकेन । मीना देउवाले प्रहार गरेको पेनाल्टी बारमा लागेको थियो । प्रतियोगिताको पहिलो खेलमा नेपालले घरेलु टोली भूटानसँग १-१ गोलको बराबरी खेलेको थियो । अब नेपालले समूह चरणको अन्तिम खेलमा आइतवार बलियो टोली उत्तर कोरियासँग खेल्नेछ । ३२ देशको सहभागिता रहेको छनोटमा आठ समूह छन् । हरेक समूहका विजेता आठ टोली तथा उत्कृष्ट तीन उपविजेता टोलीले आउँदो वर्ष थाइल्यान्डमा हुने २० वर्षमुनिको एशिया कपमा स्थान बनाउने छन् ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# अर्घाखाँचीमा तीन हजार एक सय १८ हेक्टर जमिनमा सिँचाइ



**अर्घाखाँची,** साउन २३/जिल्लामा तीन हजार एक सय १८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । जिल्लामा आठ हजार ५ सय ४४ हेक्टर सिँचाइ योग्य जमिन रहेकामा ३६ दशमलव ४९ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको हो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीका डिभिजन प्रमुख भेषराज भुसालले जिल्लामा २१ हजार २४७ हेक्टर जमिनमा खेती गरिँदै आइएको जानकारी दिए । सोमध्ये आठ हजार ५ सय ४४ हेक्टर सिँचाइयोग्य जमिन रहेकामा तीन हजार एक सय १८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको उनले बताए । जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयद्वारा आयोजित वार्षिक प्रगति समीक्षामा डिभिजन प्रमुख भुसालले एक वर्षको अवधिमा १२३ वटा सिँचाइका आयोजना सम्पन्न भएका जानकारी दिए । उनका अनुसार गत आव २०८१/८२ मा जिल्लाभरमा रहेका १३३ मध्ये १२३ वटा आयोजना सम्पन्न भएका, दुई वटा कार्यान्वयको चरणमा रहेका र आठ वटा मापदण्डअनुसार नभएकाले ती आयोजनामा काम गरिएको छैन । गत आवमा कार्यालयको कूल बजेट १६ करोड ७५ लाखमध्ये १४ करोड ४९ लाख ४५ हजार खर्च गरी भौतिक प्रगति ९७ दशमलव ९९ प्रतिशत र वित्तिय प्रगति ८६ दशमलव ५३ प्रतिशत रहेको कार्यालयका लेखापाल शिवहरि खनालले जानकारी दिए । कार्यालयले उत्कृष्ट कार्यसम्पादन गर्ने अर्घा कन्स्ट्रक्सन, समय भन्दाअगावै उत्कृष्ट कार्यसम्पादन गर्ने लुम्बिनी निर्माण सेवा, उत्कृष्ट रूपमा आयोजना कार्यान्वयनमा ल्याउने चौवाटार जलस्रोत उपभोक्ता समिति र ३६ वर्षसम्म (कार्यालयको संस्थापक कर्मचारीका रूपमा) काम गरेर अनिवार्य अवकाश हुने डम्बरबहादुर खत्रीलाई सम्मान गरेको छ । जिल्ला समन्वय समितिका प्रमुख जिवनारायण कोइरालाले सिँचाइ विकास डिभिजनले असारे विकासलाई रोकेर जेठ मसान्तसम्ममा सबै योजना सम्पन्न गरेर भुक्तानीको काम सम्पन्न गरेकामा कामको प्रशंसा गर्दै सिँचाइबिना कृषि उत्पादन बढ्न नसक्ने बताए । प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले हरेक कार्यालयका विकास निर्माणका गतिविधिमा जिल्ला प्रशासन कार्यालले पनि समन्वय गरेर काम गर्ने बताए । कार्यक्रम जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीका लेखापाल शिवहरि खनालको स्वागत मन्तव्य र सूचना अधिकारी रामजी भट्टराईको सञ्चालनमा सम्पन्न भएको हो । समीक्षा कार्यक्रममा शीतगङ्गा नगरपालिका प्रमुख छविलाल पौडेल, भूमिकास्थान नगरपालिकाका नगर प्रमुख झविलाल थापा, छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ, मालारानी गाउँपालिका अध्यक्ष दलबहादुर भट्टराई, पाणिनि गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेलगायत जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि, विभिन्न कार्यालयका प्रतिनिधि, सिँचाइ तथा जलउपभोक्ता, सञ्चारकर्मीलगायत सहभागिता थियो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीअन्तर्गत जरेखोला बगाले ५०० फाँट सिँचाइ योजना सन्धिखर्क-४ र छत्रदेव-६ को कार्य निर्माण सम्पन्न गर्नुपर्ने म्याद एक वर्ष रहेकामा लुम्बिनी निर्माण सेवा, सन्धिखर्क-८ ले दुई महिना १८ दिनमा काम सम्पन्न गरेको सिँचाइ कार्यालयका डिभिजन प्रमुख भुसालले जानकारी दिए । उनका अनुसार लुम्बिनी निर्माण सेवा, सन्धिखर्क-८ का प्रोपाइटर नारायण पौडेलले निर्माण सम्पन्न गर्नुपर्ने म्याद एक वर्ष रहेकामा दुई महिना १८ दिनमा सम्पन्न गरी आफूलाई अब्बल निर्माण व्यवसायीका रूपमा स्थापित गर्न सफल भएका हुन् ।

# आज देशभर जनै...

...जनैपूर्णीमा अर्थात् रक्षाबन्धनका दिन नजिकैको धार्मिक मठमन्दिर तथा नदीछेउमा गएर विधिपूर्वक पुजाआजा गर्नुपर्ने भएता पनि बजारमा भित्रिएका जनै र धागोलाई प्रयोग गर्न थालिएको पण्डित हुमनाथ न्यौपानेले बताए । उनी भन्छन्, आधुनिकताको नाममा र पुरोहितहरूको अभावमा संस्कृति लोप हुने अवस्थातिर पुग्ने हो कि भन्ने चिन्ता थपिएको छ । 'संस्कृत भाषा शिक्षा हराइसक्यो जसको प्रभाव संस्कृतिमा परेको छ । यसले आध्यात्मिक चिन्तनको बाटोभन्दा पनि गलत प्रभावलाई जोडबल पुगेको छ,' उनले भने ।

पछिल्लो समय नेपालमा भारत र चीनबाट बर्सेनी ठूलो परिमाणमा जनै आयात हुने गरेको छ । पुराना पुस्ता असशक्त हुँदै जानु र नयाँ पुस्ताले जनै बाट्नेतर्फ ध्यान नदिएका कारण बाहिरबाट आउने जनैले सहजै बजार पाउने गरेको हो । हरेक वर्ष जनैपूर्णिमामा विदेशी मुलुकबाट करोडौं रुपैयाँको जनै आयात हुने गरेको पाइन्छ ।

गाउँ/गाउँमा जनै बनाउने प्रचलन कम हुँदै गएपछि बजारमा खरिद गरी प्रयोग गर्ने क्रम बढेको छ । विशेषगरी, जनैपूर्णिमाका दिन फेर्ने जनैको बजार अत्यधिक रहेको र जनै बनाउने प्रचलन कम हुँदै गएकाले बाह्य उत्पादको भर पर्नुपर्ने अवस्था आएको व्यवसायीहरू बताउँछन् । नयाँ जनै फेर्नुपर्ने हिन्दू संस्कारमा रही आएको मान्यता अनुसार पूर्णिमाको दिन जनैको कारोबार पनि ठूलै हुने गरेको पाइन्छ । जनै पुर्णिमाको लागि बजारबाट मेसिनले बाटेको जनै खरिद गरेर लगाउने प्रचलन समेत बढेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई